एकच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"मिरुना मगर स्रोइ?" "कबड्डी ४"मा शीर्ष भूमिकामा रहेकी अभिनेत्री मिरुना मगर "कबड्डी ५: आफ्टर द फाइनल म्याच"को टिजरमा देखिइनन्। टिजर सार्वजनिक भएपछि युट्युबको कमेन्टमा दर्शकले सोध्न थाले,- "मिरुना मगर स्रोइ?" निर्माण टिमले मिरुनालाई नदेखाई टिजर सार्वजनिक गरेको थियो। त्यसअघि सार्वजनिक पोस्टरमा पनि उनी देखिएकी थिइनन्। त्यसैले "कबड्डी" सिरिजको पाँचौं भागमा मिरुनाको उपस्थितिलाई लिएर दर्शकमा कौतुहलता थियो।

आजको विचार...



एआई ... *(दुई पेजमा)*

गोविन्द बेल्वासे

अनमोल केसी र प्रिन्सी खतिवडा अभिनीत फिल्म "बादुलो जून"को टिजर युट्युब ट्रेन्डिङको शीर्ष स्थानमा पुगेको छ। सार्वजनिक भएको टिजर तीन दिनमै युट्युब चार्टमा फिल्म विद्याअन्तर्गत नेपालमा पहिलो नम्बरमा पुगेको हो। नेपालसहित एक दर्जनभन्दा बढी देशमा समेत टिजर ट्रेन्डिङमा रहेको निर्माण पक्षले जनाएको छ। भुवन केसी निर्देशित "बादुलो जून" ले पुरानो समयको प्रेमकथा प्रस्तुत गर्छ।



❐ वर्ष ३१ ❐ अंक १११ ❐ २०८३ मंसिर १ गते बुधबार 18 November 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

बस पल्टिँदा १३ जनाको मृत्यु

एजेन्सी

काठमाडौं, मंसिर १/ इरानको इलाम प्रान्तमा यात्रुवाहक बस पल्टिंदा १३ जनाको मृत्यु भएको छ भने अन्य १४ जना घाइते भएका छन् ।शनिबार साँझ भएको यस दुर्घटनामा दहलरानस्थित एनजीएल परिसरमा कार्यरत 'ओइको' कम्पनीको अपरेसन विभागको सिफ्टमा काम गर्ने कर्मचारीहरू सवार थिए। घाइतेहरूलाई उपचारका लागि आबदानानस्थित अस्पतालमा भर्ना गरिएको छ ।इरानको ट्राफिक प्रहरीले दुर्घटनामा १३ जनाको ज्यान गएको र १४ जना घाइते भएको पुष्टि गरेको छ। एक अधिकारीका अनुसार दुर्घटनाको कारण २४ घण्टाभित्र सार्वजनिक गरिनेछ ।यसैबिच, बीबीसी पर्सियनका अनुसार दुर्घटनापछि सरकारी अधिकारीहरूको लापरबाहीको विरोध गर्दै आबदाननमा सर्वसाधारणहरू भेला भएका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियो तथा रिपोर्टहरूमा दुर्घटना लगत्तै आक्रोशित मानिसहरूले अस्पताल बाहिर विरोध प्रदर्शन गरिरहेको देखिएको छ ।

देउसीभैलोको मौलिकता जोगाउँदै बगनासकाली

१३ समूहको सहभागिता, विजेतालाई ३५ हजारसम्म पुरस्कार

रामचन्द्र रायमाझी

पाल्पा, मंसिर १/ तिहार भन्नेबित्तिकै घरआँगनमा गुञ्जिने देउसीभैलोका भाका, मादलका ताल र सामूहिक प्रस्तुतिको झल्को आउँछ । देउसीभैलो नेपाली समाजको मनोरञ्जनको माध्यम मात्र होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको मौलिक लोकसंस्कृति र सामाजिक सद्भावको प्रतीक पनि हो । तर बदलिंदो समयसँगै यसको मौलिकता र परम्परागत शैलीमा परिवर्तन आउन थालेपछि यसको संरक्षण र पुस्तान्तरणको आवश्यकता झन् बढ्दै गएको छ । यही आवश्यकतालाई आत्मसात् गर्दै पाल्पाको बगनासकाली गाउँपालिकाले देउसीभैलो प्रतियोगितामार्फत मौलिक संस्कृतिको संरक्षणमा पहल गरेको छ । गाउँपालिकाले प्रतियोगिता नै आयोजना गरेर देउसीभैलोको मौलिकता संरक्षणमा पहल गरेको हो ।

मंगलबार पालिका परिसरमा तिहार विशेष देउसीभैलो प्रतियोगिता आयोजना गरिएको थियो ।



जसमा नौ वटै वडाका १३ समूहले सहभागिता जनाएका थिए । प्रतियोगितामा सहभागी समूहले आफ्ना मौलिक भाका, लोकलय र सांस्कृतिक प्रस्तुतिमार्फत तिहारको परम्परालाई जीवन्त बनाउने प्रयास गरेका थिए ।

देउसीभैलो प्रतियोगिता केवल मनोरञ्जनका लागि नभई गाउँपालिकाको मौलिक कला, भाषा र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले आयोजना गरिएको गाउँपालिका अध्यक्ष सरस्वती चिदीले बताइन् । उनले स्थानीय स्तरमा रहेका प्रतिभालाई पहिचान गरी प्रोत्साहन गर्ने र नयाँ पुस्तालाई परम्परागत संस्कृतिसँग जोड्ने गाउँपालिकाको प्रयास रहेको उल्लेख गरिन् । यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिँदै स्थानीय संस्कृति र पहिचानको संरक्षणमा जोड दिइने उनको भनाइ थियो । प्रतियोगिताको प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाका उपप्रमुख काशिका ज्ञवाली गैरेले एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरेकी थिइन् । प्रतियोगिताको उद्घाटन गर्दै उनले भाषा, कला र संस्कृतिको संरक्षणमा गाउँपालिकाले खेलेको भूमिकाको महत्वपूर्ण रहेको बताएकी थिइन् । उनले अन्य स्थानीय तहले पनि यस्ता कार्यक्रमलाई प्राथमिकता दिन सके मौलिक संस्कृतिको जगेर्नामा महत्वपूर्ण योगदान पुग्ने बताइन् । नयाँ पुस्तालाई समेत यस्ता गतिविधिमा सहभागी गराउन सके संस्कृति संरक्षणको अभियान थप प्रभावकारी हुने उनको भनाइ थियो । रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मांगत भट्टराईले गाउँपालिकाले दुर्गम क्षेत्रमा रहेका कलाकारहरूको प्रतिभा पहिचान गरी अगाडि बढाउन गरेको प्रयासको प्रशंसा गरे । गाउँ-गाउँमा लुकेर रहेका कला र प्रतिभालाई सार्वजनिक गर्ने अवसर यस्ता कार्यक्रमले प्रदान गर्ने उनले बताए । अध्यक्ष भट्टराईले आगामी मंसिर ६ गते रैनादेवी छहरा गाउँपालिकामा आयोजना हुने न्वागी महोत्सवमा सहभागी हुनसमेत निमन्त्रणा गरे । गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठकले संस्कृति संरक्षणका लागि सबैको साझा प्रयास आवश्यक रहेको बताए । स्थानीय कला, भाषा र परम्पराको संरक्षणमा समुदाय, कलाकार र स्थानीय सरकारबीच सहकार्य हुनुपर्नेमा उनको जोड थियो । प्रतियोगितामा बगनासकाली-३ टुटुङ देउसीभैलो समूह प्रथम ,लोकभजन चुल्का संरक्षण समूह पोखराथोक द्वितीय र प्रगतिशील महिला समूह खानीछाप मलेङ तृतीय भएको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका लुम्बिनी प्रदेश सदस्य कमल भट्टराईको जानकारी दिए । विजयी समूहले क्रमशः ३५ हजार, ३० हजार र २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा सहभागी अन्य सबै समूहलाई पनि जनही १० हजार रुपैयाँका दरले प्रोत्साहन रकम प्रदान गरिएको कार्यक्रम संयोजक निशा पाण्डेले जानकारी दिइन् ।

(बाँकी अन्तिम पेजमा...)

क्वार्टरमा अचेत भेटिएका इन्स्पेक्टरको मृत्यु



गुल्मी, मंसिर १/ क्वार्टरमा अचेत भेटिएका जिल्ला प्रहरी कार्यालय गुल्मीमा कार्यरत प्रहरी निरीक्षक(इन्स्पेक्टर)पर्वतकुमार केसीको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयस्थित अधिकृत क्वार्टरमा मंगलबार बिहान अचेत भेटिएका उनलाई अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका हुन् ।

जिल्ला प्रहरी कार्यालयका एसपी भीमकिरण बोगटीका अनुसार बिहान नौ बजेसम्म पनि नउठेपछि उनको कोठामा हेर्दा अचेत देखिएका थिए । उनी ढोका बन्द गरेर सुतेका थिए । उनलाई अस्पताल लगिएकामा मृत घोषणा गरिएको थियो । मृत्युको कारण पोस्टमार्टमपछि मात्र खुल्ने एसपी बोगटी बताउँछन् । सुर्खेत स्थित छिन्चु स्थायी घर भएका केसी पछिल्लो समय नेपालगञ्जमा बस्दै आएका थिए । उनी २०५५ मा असईबाट नेपाल प्रहरीमा प्रवेश गरेका हुन् ।

अर्घाखाँचीमा पहिलोपटक देखियो दुर्लभ चरा 'काँडे भ्याकुर'

अर्घाखाँची, कार्तिक १/ नेपालमा मात्र पाइने दुर्लभ चरा 'काँडे भ्याकुर' अर्घाखाँचीकोशितगंगा नगरपालिकास्थित ठाडादह क्षेत्रमा पहिलोपटक अभिलेख गरिएको छ । जिल्लाको दक्षिणी क्षेत्रमा यो प्रजाति देखिनु जैविक विविधताको अध्ययन र अभिलेखीकरणका दृष्टिले महत्वपूर्ण मानिएको छ । डिभिजन वन कार्यालय अर्घाखाँचीका अनुसार यसअघि जिल्लाको दक्षिणी क्षेत्रमा काँडे भ्याकुर देखिएको अभिलेख थिएन ।

ठाडादहमा यसको उपस्थिति पुष्टि भएपछि जिल्लाको वन तथा प्राकृतिक वासस्थानमा पाइने चराको विविधताबारे थप जानकारी प्राप्त भएको छ ।कार्यालयका सूचना अधिकारी केसर खड्काले नेपालबाहेक विश्वका अन्य कुनै पनि देशमा प्राकृतिक रूपमा नपाइने



यो चरा ठाडादहमा देखिनु जिल्लाका लागि महत्वपूर्ण उपलब्धि भएको बताए । अंग्रेजीमा 'स्पाइनी ब्याब्लर' नामले चिनिने काँडे भ्याकुरको वैज्ञानिक नाम 'एकान्थोप्टिला निपालेन्सिस' हो । यो नेपालको मौलिक जैविक सम्पदाका रूपमा परिचित छ ।काँडे भ्याकुर सामान्यतया घना झाडी, वनका झाडीदार क्षेत्र तथा प्राकृतिक वनस्पतिले ढाकिएका स्थानमा बस्ने लजालु स्वभावको चरा हो । झाडीभित्र लुकेर बस्ने भएकाले यसलाई सहजै देख्न कठिन हुन्छ ।

(... बाँकी अन्तिम पेजमा)

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

सुशासनलाई विकासको आधार बनाऊ

विकास केवल सडक, पुल, भवन, खानेपानी र भौतिक संरचना निर्माण हुनु मात्र होइन । विकासले नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्याय, आर्थिक समृद्धि र समान अवसरको सुनिश्चितता पनि विकासकै महत्वपूर्ण पक्ष हुन् । तर यी सबै लक्ष्य हासिल गर्न पारदर्शी, जवाफदेही, उत्तरदायी र जनमुखी शासन व्यवस्था आवश्यक हुन्छ । सुशासनबिना विकासका योजना प्रभावकारी बन्न सक्दैनन् र विकासका उपलब्धि पनि नागरिकसम्म पुग्न सक्दैनन् ।

हाम्रो देशमा विकासका नाममा हरेक वर्ष ठूलो बजेट विनियोजन हुन्छ । संघ, प्रदेश र स्थानीय सरकारमार्फत विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरिन्छन् । सडक निर्माणदेखि विद्यालय भवन, अस्पताल, खानेपानी, सिँचाइ र अन्य पूर्वाधार निर्माणका काम भइरहेका छन् । तर विनियोजित बजेटअनुसार अपेक्षित उपलब्धि हासिल हुन नसकेको गुनासो अझै व्यापक छ । कतिपय योजना वर्षौंसम्म अधुरा रहन्छन् भने कतिपय निर्माण सम्पन्न भएका संरचनासमेत गुणस्तरीय नहुँदा प्रयोगविहीन बन्न पुग्छन् । यसले विकास निर्माणमा बजेट खर्च गर्नुलाई मात्र सफलता मान्ने प्रवृत्तिमाथि प्रश्न उठाएको छ ।

विकासको प्रमुख चुनौती स्रोतसाधनको अभाव मात्र होइन, उपलब्ध स्रोतको उचित परिचालन हुन नसक्नु पनि हो । योजना छनोटमा राजनीतिक प्रभाव, पहुँच र स्वार्थ हाबी हुनु, आवश्यकता र प्राथमिकताभन्दा व्यक्तिगत तथा समूहगत हितलाई महत्व दिनु, निर्माण कार्यमा ढिलासुस्ती हुनु, अनियमितता र भ्रष्टाचार मौलाउनुजस्ता समस्या विकासका बाधक बनेका छन् । कतिपय अवस्थामा जनताको आवश्यकता पहिचान नगरी योजना बनाइन्छन् । परिणामस्वरूप राज्यको ठूलो लगानी भए पनि त्यसबाट नागरिकले अपेक्षित लाभ लिन सकिरहेका हुँदैनन् । सुशासनले यस्ता विकृति र विसङ्गति नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्छ । सार्वजनिक निकायमा पारदर्शिता, कानुनको शासन, उत्तरदायित्व, नागरिक सहभागिता, निष्पक्षता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित हुनु नै सुशासनको आधार हो । राज्यका स्रोतसाधनको प्रयोग कहाँ, कसरी र किन भइरहेको छ भन्ने विषय नागरिकले थाहा पाउनुपर्छ । सार्वजनिक खर्चको नियमित अनुगमन र मूल्याङ्कन हुनुपर्छ । विकास निर्माणका काममा गुणस्तर कायम नगर्ने, बजेट दुरुपयोग गर्ने र जिम्मेवारी पूरा नगर्ने व्यक्ति तथा निकायलाई जवाफदेही बनाउन सक्नुपर्छ । विकासलाई दिगो, समावेशी र परिणाममुखी बनाउन सुशासनलाई पहिलो प्राथमिकतामा राख्नैपर्छ । सुशासनबिनाको विकास दिगो हुन सक्दैन र विकासबिनाको सुशासनको अनुभूति नागरिकले गर्न सक्दैनन् । तसर्थ सुशासनलाई विकासको आधार बनाउन जरुरी छ ।

Opinion @ Social Network

भाग्यले ढोका बन्द गरे पनि,
आशाले अर्को बाटो खोजिरहन्छ।
(सविना गरम्झाको फेसबुक स्टाटसबाट www.facebook.com/Sabina.Garamja)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

एआईभन्दा मान्छे श्रेष्ठ देखिने होड



गोविन्द बेल्वासे

औद्योगिक विकास र यातायातको परिवर्तन जतातै छ। बारीको डोरातिर लैजाने लोटादेखि चर्पीको कागजसम्म बदलाव भेटिन्छ। धोन्द्रे घण्टी भिरेको खच्चडको लस्करले बोक्ने ती भारी दन्त्यकथा भएका छन्। तिनको लादीको गन्ध ढाक्रे र भरियाले सुँघ्न छाडे।घोडा चढेर घरबाट बेँसी ओहोरदोहोर गर्ने साहुजीहरू बिजुली मोटरमा बरने चलनलाई नराम्रो त कसरी भनूँ र असामी उठाउन दगुर्ने हटहट्ट गर्नेका नाति अहिले बाउन्स चेकमा रुमलिएर कचहरी धाउनुपरेको छ। मोटरगाडी, ट्याक्टर र आधुनिक मेसिनको प्रयोग बढ्दै गएपछि घोडाको परम्परागत आर्थिक उपयोगिता घट्यो। त्यससँगै घोडाको कारोबारमा आधारित बजार पनि हरायो।

उनले देखेको त्यो घोडाको बजार अहिले लाप्दैन। उनी अहिले जीवित छैनन्। ६० वर्षअघि उनी बरालिएको बेडगलोर सहर जीवित छ। बरालिएका प्रसंग जीवन्त छन्। त्यस बखतको बेलायतका बारेमा पढ्ने र सम्झने नेपालीहरू छरपस्टै छन्। घरजम गर्नेहरू जमेर बेलायतमै बसेका नि छन्।यो वर्षको अक्टोबर सकिएपछि नोभेम्बर लाग्नेबित्तिकै म पुगें- उनी बरालिएको मेनाइ साँघुको मेला लाग्ने सहर, बेङ्गलोर। ताना शर्माले २४ अक्टोबरका दिन भोगेको बेलायती क्षण अक्षरमा उतारेका छन्। 'बेलाइतितर बरालिँदा' नामको पुस्तकबाट नेपाली यात्रा साहित्यलाई बाटो देखाएका छन्। उनले त्यो समयमा पढेको बेङ्गलोर युनिभर्सिटी भिरालोमै अडिएर बसेको छ। नयाँ भवन थपिएर पुरानो कोपिलाको साखलाई फुलभैँ फकाएका छन्। मलाई उक्त विश्वविद्यालयले तानसेन बजारको झल्को दियो। फरक के थियो भने बेङ्गलोर तल समुन्द्रको समतल पसेको छ।पाल्पाको भुपालडाँडाबाट मैले देखेको माडीको फाँट फैलिएजस्तै देखियो। माडीका फाँटमा धान पाकेको सुनौलो सुन्दरता भने थिएन, समुन्द्रको पानीले नीलो पारेको समतल भेटाएँ।'मानिस अरूभन्दा श्रेष्ठ छ भन्ने अहंकार/भ्रम' का विषयमा बीबीसीले आयोजना गरेको कार्यक्रम त्यही युनिभर्सिटीमा थियो। रोबर्ट म्याक्फारलेनले चराको चिरबिरबाट प्रवचन सुरु गरे। एआईले मानवता हरायने डर मानेका वर्तमानका प्राज्ञहरूको वर्णन गरे। पृथ्वीमा चरा नास गर्ने मान्छेको दोष जनाउँदै चराकै चिरबिर सुनाएर भनाइ टुङ्ग्याए।चराको चिरबिर, बेङ्गलोरको घोडा बजार र नेपालको गोठबाट हराउँदै गएका गोरुबीच गहिरो सम्बन्ध छ। बेलायतमा घोडाले खेत जोत्ये। नेपालमा खेत जोत्न घोडा कहिल्यै प्रयोग गरिएन। गोरु र राँगाले हलो, हेँडा र खोक ताने। गोरु (लडिया) ले गाडा ताने। पहाडतिर मियोमा बाँधिएर र मधेसमा फुक्काफाल घुमीघुमी दाईं लगाए। बुढो गोरु र बाछाले भरिएको कृषि उत्पादनले अहिलेका पाठकलाई नोस्टाल्जिक बनाउँछ।बचपन सम्झाउँछ।बाजेबज्यैका दैनिकीमा भुलाउँछ। बारीको डिलको अम्बाको रूखमा कराउने काग र सबैरै बिउँटाउने कुखुरी काँको स्वरले गाउँ जाने टिकट काटौं कि भनेर बजेट तथा बिदा मिलाउने नि गराउँछ। गाउँमा गोठ रित्तिएका प्रसंगले मानिस, प्रविधि र प्रकृतिबीचको सम्बन्धलाई ठट्टा गर्छ। घोडाको कथा अमेरिकाका फाँटबाट मात्र हराएको होइन, फोर्ड कम्पनीको जमाना नि हराउन पो लाग्यो। चिनियाँ उत्पादन घरभित्र पसेको छ। गेटको बत्तीदेखि छानाको सोलार प्लेट त्यसको साक्षी छ। नेपालको ढोरपाटन पुग्दा यसको अर्को रूप देखिन्छ। ढोरपाटनबाट किनेका घोडाको रवाफ हाम्रा जिम्मालको सान थियो। उनी सांसद भएपछि किनेको काठी बेलायती थियो। आजकाल उनका नातिखलकले 'काठी' शब्द बुझ्न गुगल चाहार्छन्। पाल्पा, रिडी, तम्घास र बुटवलसम्मबाट सामान ल्याउने तथा ढोरपाटनमा उत्पादन भएका आलु, स्याउ र अन्य कृषि उपज बजार पुऱ्याउने काम घोडाखच्चडले गर्थे। कठिन पहाडी बाटोमा मानिसको यात्रा पनि तिनै घोडाको भरमा हुन्थ्यो। कुनै किसानले दुई दर्जनभन्दा बढी घोडासमेत पाल्ने गरेको विवरण पाइन्छ।सडक विस्तार भयो। मोटरगाडी गाउँसम्म पुग्न थाले। घोडाले बोक्ने सामान गाडीले बोक्न थाल्यो। मानिसको यात्राको घोडाको हट्टहट्ट, भटभटेको घ्याघ्यारले विस्थापित गऱ्यो। घोडा र खच्चड रोजगारविहीन भए। घोडा पाल्न छाडे। तबेलाका फलेकमा झुन्डिने लगाम र खरहरा बिलाए।ढोरपाटनको कथा बेङ्गरको जस्तो अलि छैन। घोडा बजार निमिट्यान्न भएको छैन। पर्यटकको आगमन बढेपछि घोडाले नयाँ काम पाएका छन्। बुकीपाटन, निसेलढोर र जलजलातिर जाने पर्यटकलाई घोडामा सवार गराउने व्यवसाय चलेको छ। घोडा चढेर सेल्फी र भिडियो बनाउँछन्। हिमाली उपत्यकाका पर्यटक बढेका छन्।पहिलेका साहुमहाजन बोक्ने घोडा अहिले मानिसको मनोरञ्जन बनेका छन्। पर्यटन व्यवसायको साधन भएका छन्। चौरमा घोडा चढेर तस्बिर तथा भिडियो खिच्दा पनि पैसो तिर्नुपर्छ भन्ने सुन्छु। त्यता पनि सडक पुगेको छ। तर, सबै ठाउँमा गाडी पुग्दैन। वर्षायाममा बाटो अवरुद्ध हुँदा घोडा-खच्चड नै काम लाग्छन्। रोबोट कतै बनेको होला, त्यहाँ प्रयोग गर्न त्यसका भाउले थेर्दैन। आलु बोक्ने डन किन्न अझै बजेटले भ्याउन्न।टाँकु गाउँ कपिलवस्तुको भावरमा पर्छ। हरियो चुरे डाँडो तराईमा थकाइ मार्दै लम्पसार परेको फाँटको सुरुवातको गाउँ। विष्णुप्रसादको घारी (कटेरो) मा दक्षिणपट्टि घोडाको तबेला थियो। त्यो कलेजी रङको घोडाले पुच्छर हल्लाएको हल्लायै हुन्थ्यो। डाँस, माखा र किरा भगाउन पुच्छर हल्लाई राख्थ्यो। त्यसलाई सुतेको अवस्थामा कहिल्यै देखिनँ। सायद उभिई-उभिई नै निदाउँथ्यो कि ।जाडो महिनामा गोठको बीचमा लम्पसार परेको काठको मुढासँग दाउरासे सम्भोग गर्थ्यो। थकाइ मार्न धुवाँ आकाशतिर सुइकिएपछि खरानी मस्त निद्रामा लम्पसार परेकी हुन्थी। त्यसैमाथि निभेर अँहकार हुन नपाएको कोइलाको अर्कै व्यथा छ। जोडबल गर्दागर्दा रक्ताम्य भएर उकुसमुकुस गर्दै धुवाँ, खरानी र ऊर्जामा बदलिने क्षण बिताइरहेको हुन्थ्यो। अलि उत्तरपट्टि दुहुनो मुर्रा भैँसी पागुर लाउँदै परको पाडो नियाल्थ्यो। ती फिलिङ्का उड्दै माथिमाथि पुगेर बिलाउँथे। जिम्माल बा मचानमा बसेका थिए। परालको चकटीमा ओछ्याएको टुक्रे गलैँचामा बसेका माइला बाले ढोरपाटनमा त्यही घोडा किन्न जाँदाको विवरण सुनाउँदै थिए। म परालको चुलठी बाटेर बनाएको बिँडीमा बसेर सुनिरहेको थिएँ।समयको हिसाब गर्दा ताना शर्मा मेनाइ साँघुमा ती घोडा खरिद-बिक्रीको साक्षी भएको त्यही दिन पो हो कि जस्तो छाछु। ती चलन माझ उनले बियर किन्न तिरेको सिलिङको सिक्का पनि थन्किएर अहिले बेलायतमा पाउन्ड र पेन्सको मात्र पो चलन बचेको छ त। ती हजुरबुवाको चिलिममाथिको तमाखु सेक्ने कोइलाको धुवाँ गुड्गुड्को पानीको ध्वनिसहित बिलाएको छ । मेरो मनमा एउटा प्रश्न उठ्छ । प्रविधि विकास हुनु भनेको पुरानो वस्तु वा जीवको अस्तित्व समाप्त हुनु मात्र त होइन। हाम्रा सुविधा थपिएकोमा खुसी नि लाग्छ । त्यसको उपयोगिता र सामाजिक अर्थ परिवर्तन भएको छ। तर, हाम्रा मेसिनका घ्याघ्यारले चरा भगाएका छन्। विष्णुप्रसाद हजुरबाले भाडामा बस्ने मलायाका लाहुरेसित किनेका बन्दुकले मारेका छन्। त्यस्तैगरी एआईले हामीलाई पिँजडामा थुनेर 'बोल पट्ट बोल' गराउने त होइन ? माडीको फाँटमा एक दशकअघिसम्म असार-साउनमा हलगोरु नारिन्थे। 'छुपमा छुप् भन्दै असारे गीत घन्किन्थे। रोपाइँ गर्ने दृश्य सामान्य थियो। रोपाइँका गीत, हलीका 'हह' काले हह, हह माले हह.., र गोरुका खुरको खटखटले गोधूलि संगीतमय हुन्थ्यो। अहिले ती दृश्य सम्झनामा सीमित भएका छन्।ट्याक्टर र मिनी टिलरको प्रयोगले खेतीपाती सहज बनाएको छ। भोजपुरका खर्कमा मिनी टिलरको प्रयोग बढिरहेको छ। गोरु खोज्नुपर्ने, पर्मको पालो पर्खनुपर्ने र वर्षभरि पाल्नुपर्ने झन्झटबाट किसानले मुक्ति खोजेका छन्।गोरु पाल्नुको सट्टा आवश्यक पर्दा मेसिन भाडामा लिनु आर्थिक दृष्टिले सुविधाजनक हुन थालेको छ। केही वर्षमा रोबोटले काम सकेर आफैं चार्ज प्लगसम्म पुग्नेछन्। मर्मत गर्न ग्यारेज आफैं जानेछन्। ग्यारेजका रोबोटको मर्मतपछि काममा फर्कनेछन्।

त्यस दिन मानुवाको दैनिकी कतातिर बरालिएला ?

गोरु ग्रामीण अर्थतन्त्रको एउटा चक्र थियो। गोबरबाट मल बन्थ्यो। पशुपालन र खेती एकअर्काका पूरक थिए। गोरु हटेपछि त्यससँग जोडिएको श्रम, सीप, गोठको संरचना र कृषि संस्कृतिमा पनि परिवर्तन आएको छ। मानवता देशवासी र गैरआवासीय नेपालीमा बाँडिएको छ। बेलायतमा घोडाले आफ्नो पुरानो भूमिका गुमाउनु उस्तै परिवर्तन हो, जस्तो कि नेपालमा गोरु गोठबाट विस्थापित हुँदै गएको प्रक्रिया एउटै दिशाका उदाहरण हुन्। तर समयको गति फरक छ। औद्योगिक यान्त्रीकरणले बेलायतमा ल्याएको परिवर्तन नेपालका ग्रामीण भेगमा ६० वर्षपछि आइपुगेको छ।तर, कृत्रिम बुद्धिमत्ताको मामिलामा त्यो समयको दूरी घटेको छ। घोडा र गोरुको विस्थापन भूगोल, यातायात र उत्पादन प्रणालीअनुसार क्रमशः भएको थियो। एआई भने एकै समयमा संसारका विभिन्न देश, भाषा र पेसामा प्रवेश गरिरहेछ। एउटै कम्प्युटरको भाषा मोडेलले काठमाडौँको स्वतन्त्र लेखक, नेपालको कानुन व्यवसायी, लण्डनको बैंकर र वेल्सको विश्वविद्यालयका प्राध्यापकलाई एकै समयमा प्रभावित गर्छ। यसैले एआईको प्रभावलाई घोडा वा गोरुको विस्थापनसँग मात्र तुलना गरेर पुग्दैन। यसको प्रभाव मानिसको श्रममा मात्र होइन, ज्ञान निर्माण, निर्णय क्षमता, सिर्जनशीलता र सामाजिक सम्बन्धमा समेत पर्न सक्छ।म्याक्यारलेले चराको चिरबिरबाट प्रवचन सुरु गरेर चराकै चिरबिरमा अन्त्य गर्नुको अर्थ मलाई यहींनेर अझै बुझ्नैमै लाग्छ। मानिसले आफूलाई प्रकृतिको सर्वोच्च प्राणी ठान्ने अहंकारले पृथ्वीका अरू जीवको अस्तित्वलाई कति कमजोर बनाएको छ भन्ने प्रश्न उनले उठाएका थिए।घोडा र गोरु हराउनु आर्थिक तथा प्राविधिक परिवर्तनसँग सम्बन्धित छ। तर चराहरू हराउनु फरक प्रकृतिको संकट हो। वनविनाश, बासस्थानको क्षति, कीटनाशकको प्रयोग र जलवायु परिवर्तनले चराको अस्तित्वमा असर पारेका छन्। चरा मानिसको खेती गर्ने साधन होइन। उसको चिरबिर प्रकृतिको स्वतन्त्र आवाज हो। त्यो आवाज घट्नु वातावरणीय सन्तुलन कमजोर हुँदै गएको संकेत पनि हो।मानिसले आफ्नो सुविधा र उत्पादन बढाउन प्रकृतिलाई उपयोग गऱ्यो। त्यस क्रममा घोडा, गोरु र अन्य पशुको भूमिका बदलियो। तर प्रकृतिका अरू जीवलाई आफ्नो उपयोगिताको मापदण्डबाट मात्र हेर्न थाल्दा तिनको स्वतन्त्र अस्तित्वको महत्त्व बिर्सन पुग्यौं।एआईले मानवीय अहंकारलाई चुनौती दिएको छ। हिजो मानिसले आफूलाई अरू प्राणीभन्दा बुद्धिमान् ठानेर प्रकृतिमाथि नियन्त्रण जमायो। आज आफ्नै बुद्धिको एउटा अंश मेसिनले अनुकरण गर्न थालेपछि मानिस आफ्नो विशिष्टता गुम्ने डरमा छ।प्रकृतिलाई जितेको दाबी गर्ने मानिस अहिले मेसिनसँग आफ्नो बौद्धिक श्रेष्ठता प्रमाणित गर्न खोजिरहेको छ। प्रश्न भने मानिस मेसिनभन्दा श्रेष्ठ छ कि छैन भन्ने मात्र होइन। मानिसले आफ्नो बुद्धि, प्रविधि र सामर्थ्यलाई कुन उद्देश्यमा प्रयोग गर्छ भन्ने हो। ताना शर्माको बेलायत यात्रालाई आजको दृष्टिले पढ्दा अर्को ऐतिहासिक पक्ष पनि सम्झन सकिन्छ। उनले बेलायत पुग्दाको समयमा भिसा, राहदानी, भन्सार र राज्यको सीमा मानिसको आवागमनका महत्वपूर्ण अवरोध थिए। आज पनि ती राजनीतिक सीमाहरू कायम छन्। तर सूचना, पुँजी, डिजिटल सेवा र कृत्रिम बुद्धिमत्ताको प्रवाहले ती सीमाको परम्परागत प्रभावलाई चुनौती दिएको छ। एउटा देशमा बनेको एआई उपकरण अर्को देशको कार्यालयमा प्रयोग हुन्छ। एउटा भाषामा तयार भएको सामग्री अर्को भाषामा अनुवाद भएर संसारभर पुग्छ। नेपालमा हली पाउन छाडेको प्रभाव खाडीको रोजगारीमा देखिन्छ। *(बाँकी आन्तिम पेजमा...)*

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५

अस्पताल कार्यालय
लुम्बिनीस्टिटी अस्पताल ०७१-५५५५७, ५५५५८८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२०,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४९४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४९०७०
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४

एम्बुलेन्सहरु
रोटरी क्लब बुटवल ०७१-५४९६००
लिग्रो क्लब अप बुटवल ०७१-५४९८९३
रेडक्रस भैरहवा०७१-५२०८६३
रेखुकाई भैरहवा ०७१-५२९६७३,९८४७०२२४६४
परासी ०७८-५२०१५५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनस्वा क्लब नर्यामिल ९५५७०२२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०७०२
रेडक्रस बेल्हद ०७५-५४७७७९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९४४
न्यु एकता क्लब तानसेन : ०७५-४२२२०७
परिवार नियोजन संघ पाल्पा : ९८४७७०२७६५
रामपुर टे.इन्स्टी.:९८५७७२२४७,९८५७७६०४

दैनिक राशिफल

मेष : नजिकको व्यक्तिबाट उत्साह बढाउने कुरा सुन्न पाइनेछ। शरीरमा ताजगी रहनेछ।
वृष : सामान खरिद गर्दा फाइदा हुनेछ। आरामका लागि पर्याप्त निद्रा आवश्यक छ।
मिथुन : आएको निम्तो स्वीकार्दा रमाइलो हुनेछ। भविष्यको काम बन्ने संकेत छ।
कर्कट : व्यक्तिगत निर्णयमा अन्योल हटनेछ। सम्बन्धमा मनका कुरा बुझिनेछन्।
सिंह : आर्थिक लाभका लागि सही व्यक्तिसँग भेट हुनेछ। प्रेमसम्बन्धमा आत्मीयता बढ्नेछ।
कन्या : कागजी भन्झटबाट राहत मिल्नेछ। व्यापारमा हिसाब स्पष्ट राख्दा फाइदा हुनेछ।
तुला: खर्चमन्दा आवश्यकतालाई प्राथमिकता दिनु ठीक हुनेछ। मन हलुका हुनेछ।
वृश्चिक : परिवारकोविश्वासले भावनात्मक बल दिनेछ। पानी पर्याप्त पिउनुहोस्।
धनु : प्रेमसम्बन्धमा पुरानो दूरी घट्नेछ। बाटो काट्दा हतार नगर्नुहोस्।
मकर : आफ्नो मेहनतको अर्थ बुझिनेछ। बचतको राम्रो अवसर भेटिनेछ।
कुम्भ: नयाँ प्रविधि सिक्ने इच्छा बढ्नेछ। व्यक्तिगत सम्बन्धमा खुलापन बढ्नेछ।
मीन : प्रिय व्यक्तिको ध्यानले खुसी बढ्नेछ। रुचिको क्षेत्रमा नयाँ प्रेरणा पाइनेछ।

कला मनोरञ्जन

हिन्दी फिल्महरू बक्स अफिसमा किन असफल भइरहेका छन् ?

बक्स अफिसमा फिल्म असफल हुनु, दर्शकले एउटै ढर्राका फिल्म अस्वीकार गर्नु, दक्षिण भारतीय फिल्मको रिमेकले दर्शकसँग सम्बन्ध स्थापित गर्न नसक्नु र फिल्मको पटकथा लेखनमा कलाकारका व्यवस्थापकहरूको हस्तक्षेप बढ्नु अहिले हिन्दी फिल्म उद्योगका प्रमुख समस्या मानिएका छन् । यिनै कारणले दर्शकलाई फेरि सिनेमाघरसम्म ल्याउन कठिन भइरहेको विश्लेषण गरिन्छ ।यस शृङ्खलाको तेस्रो तथा अन्तिम भागमा हिन्दी फिल्महरू किन सफल हुन सकिरहेका छैनन्, कोरोना महामारीपछि दर्शकको रुचि कसरी बदलिएको छ र उनीहरूलाई फेरि सिनेमाघरसम्म ल्याउन के गर्नुपर्छ भन्ने विषयमा चर्चा गरिएको छ ।

कोरोना महामारीपछि बदलियो दर्शकको रुचि : तरण आदर्श

फिल्म व्यापार विश्लेषक तरण आदर्शका अनुसार बलिउडको फिल्म व्यवसाय निकै जोखिमपूर्ण छ । हरेक शुक्रबार प्रदर्शन हुने फिल्मको सफलता वा असफलता दर्शकको रुचिमा निर्भर हुन्छ ।उनी भन्छन्, 'कहिलेकाहीँ ठूला स्टारका फिल्म पनि चल्दैनन् भने अर्कोतर्फ नयाँ कलाकारका फिल्मले अप्रत्याशित सफलता पाउँछन् । अहिले कुनै पनि फिल्मले बक्स अफिसमा कस्तो व्यापार गर्छ भनेर निश्चित रूपमा भन्न सकिने अवस्था छैन ।'कोरोना महामारीपछि हिन्दी फिल्मको व्यवसायमा अनिश्चितता बढेको उनको भनाइ छ । महामारीका बेला मनोरञ्जनका सीमित माध्यम भएकाले मानिसहरू टेलिभिजन, ओटीटी प्लेटफर्म र दक्षिण भारतीय फिल्मका हिन्दी संस्करण हेर्न थाले । त्यसबेला दर्शकले हेरेका सामग्रीले उनीहरूको सोच र रुचिमा परिवर्तन ल्यायो । उनी भन्छन्, 'दर्शकले पहिलेभन्दा फरक, आधुनिक र खुला विषयवस्तुका कथा हेर्न पाए । दक्षिण भारतीय फिल्मका हिन्दी संस्करण हेर्ने दर्शकलाई बलिउडका मसला फिल्ममा पहिलेको जस्तो मनोरञ्जन नभएको महसुस हुन थाल्यो । अर्कोतर्फ, मल्टिप्लेक्समा सहरी दर्शकलाई लक्षित गरेर सामाजिक विषयमा आधारित फिल्म बनाउने चलन बढ्यो । यस्तो अवस्थामा मसला फिल्मलाई कमजोर र स्तरहीन मान्ने प्रवृत्ति पनि बढ्यो । यसको परिणामस्वरूप बलिउड आफ्नो ठूलो दर्शक वर्गबाट टाढिँदै गयो ।'तरणका अनुसार महामारीपछि दर्शक फिल्म छनोट गर्दा पहिलेभन्दा बढी सोचविचार गर्न थालेका छन् । यही कारण धेरै फिल्मले प्रदर्शनको सुरुवातमै राम्रो व्यापार गर्न सकिरहेका छैनन् । तर 'पुष्पा', 'जवान' र 'एनिमल' जस्ता फिल्मले भने उत्कृष्ट ओपनिङ गरेका छन् ।यी फिल्मले सहरी, शिक्षित र मध्यमवर्गीय दर्शकदेखि आम मानिससम्मलाई आकर्षित गर्न सक्ने क्षमता अझै पनि मसला सिनेमामा रहेको प्रमाणित गरेको उनको भनाइ छ ।उनका अनुसार महामारीपछि मसला फिल्मको पुनरागमन हुनुको मुख्य कारण पनि यही हो। यस्ता फिल्मले दर्शकको ठूलो समूहलाई आकर्षित गर्न सक्छन् ।तरण भन्छन्, ...महानगरभन्दा बाहिर बस्ने दर्शकलाई पनि मूलधारको सिनेमासँग जोड्न आवश्यक छ । यसमा सिंगल स्क्रिन हलको भूमिका महत्त्वपूर्ण हुन्छ । केही ठूला सहरका दर्शकले मात्र सहरी परिवेशमा आधारित फिल्म मन पराउन सक्छन् । त्यसैले एउटा निश्चित वर्गलाई लक्षित गरेर मात्रै फिल्म बनाउने र मसला सिनेमालाई कमजोर मान्ने निर्मातासमेत यो कुरा बुझ्नुपर्छ । 'उनका अनुसार फिल्म उद्योगको अस्तित्व धेरै हदसम्म आम दर्शकलाई लक्षित गर्ने सिनेमामा निर्भर छ । 'बेलकम टु द जंगल', 'धमाल ४', 'आवारापन २', 'धुरन्धर', 'धुरन्धर २', 'भूत बंगला' र 'हनुमान अंश' जस्ता फिल्मले महानगरबाहिर गरेको व्यापार उत्साहजनक रहेको उनको दाबी छ । हिन्दी फिल्म उद्योग कमजोर हुनुको अर्को कारण स्टारहरूको वरिपरि विकसित हुँदै गएको व्यवस्थापक संस्कृति पनि भएको तरणको धारणा छ । उनी भन्छन्, ...यी व्यवस्थापकहरूको फिल्म उद्योगसँग खासै सम्बन्ध हुँदैन । उनीहरूलाई फिल्म क्षेत्रको वास्तविक अवस्था र दर्शकको रुचिबारे पर्याप्त ज्ञान पनि हुँदैन । वर्षौंको अनुभव भएका फिल्म निर्माताको सुझावलाई बेवास्ता गरिन्छ । स्टारका व्यवस्थापकले पुराना फिल्म निर्मातालाई समयअनुसार नचल्ने व्यक्ति ठान्छन् । तर फिल्म बोर्डस्तमा होइन, माया, लगाव र मेहनतका साथ बनाइन्छ ।'तरणका अनुसार फिल्मको सफलतामा संगीतको पनि ठूलो भूमिका हुन्छ । पहिले फिल्म प्रदर्शन हुनुभन्दा धेरै अगाडि नै गीत सार्वजनिक गरिन्थ्यो । ती गीतले फिल्मको प्रचार गर्थे र दर्शकलाई हलसम्म तान्थे । तर अहिले फिल्म निर्माणमा संगीत र पटकथालाई पर्याप्त समय दिन छाडिएको छ ।उनी भन्छन्, 'कहिलेकाहीँ फिल्मको कथा सुनाउँदा एउटा हुन्छ तर पर्दामा आउँदासम्म यति धेरै परिवर्तन गरिन्छ कि दुवै फिल्म फरक लाग्छन्। कलाकारले पटकथा लेखन र फिल्म निर्माणका अन्य विभागमा अनावश्यक हस्तक्षेप गर्न बन्द गर्नुपर्छ।'

फिल्म सफल बनाउन बलियो कथावस्तु आवश्यक छ : फिरोज नाडियाडवाला

निर्माता फिरोज ए नाडियाडवालाका अनुसार बलिउडमा फिल्मको सफलता त्यसको कथा, विषयवस्तु र उपयुक्त कलाकार छनोटमा निर्भर हुन्छ । राम्रो कथा र त्यसअनुसारका कलाकार छनोट गर्न सके फिल्म असफल हुने जोखिम धेरै कम गर्न सकिन्छ ।यस वर्ष उनको निर्माणमा बनेको 'बेलकम ४' ले विश्वव्यापी रूपमा करिब २०० करोड भारतीय रुपैयाँको व्यापार गरेको बताइएको छ ।नाडियाडवाला भन्छन्, 'कथा राम्रो छ र त्यसअनुसार कलाकार छनोट गरिएको छ भने फिल्म असफल हुने जोखिम कम हुन्छ । ठूलो बजेटको फिल्म र अनावश्यक खर्च गरेर बनाइएको ठूलो बजेटको फिल्मबीच फरक हुन्छ । हरेक पैसा सोचविचार गरेर खर्च गरिएको ठूलो बजेटको फिल्मको प्रभाव पर्दामा देखिन्छ। यस्तो फिल्ममा जोखिम पनि कम हुन्छ ।'उनका अनुसार फिल्मको पटकपटक छायांकन गर्नुपर्ने अवस्था आएमा र बजेट निर्धारित सीमाभन्दा बाहिर गएमा जोखिम बढ्छ ।उनी भन्छन्, ...हाम्रो प्रयास परिवारसँग बसेर हेर्न मिल्ने राम्रो फिल्म बनाउने हुनुपर्छ । त्यसको बजेट पनि नियन्त्रणमा राख्नुपर्छ । फिल्म बनाउनुअघि प्रदर्शन हुनुभन्दा अगाडि कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्नु आवश्यक छ । फिल्म निर्धारित समयमा पूरा हुनुपर्छ । यस क्रममा गुणस्तरमा सम्झौता गर्नु हुँदैन र बजेट पनि बढाउनु हुँदैन ।'उनका अनुसार फिल्म प्रदर्शनपछि बक्स अफिसबाट हुने आम्दानीका साथै डिजिटल, स्याटेलाइट र संगीत अधिकारबाट प्राप्त हुने रकमलाई पनि ध्यान दिनुपर्छ ।उनी भन्छन्, 'यदि तपाईंको फिल्म दर्शकलाई मनोरञ्जन दिने खालको छ भने उनीहरूको रुचि बुझ्नुपर्छ । कसैलाई डराएर, रुवाएर, हँसाएर वा रोमाञ्चित बनाएर मनोरञ्जन दिन सकिन्छ । यही सोचका साथ हामीले आफ्नो कम्पनीका लागि 'च्यामिली युनिभर्स' भन्ने शब्द प्रयोग गरेका छौं । अर्थात् परिवारका सबै सदस्यले एकसाथ बसेर सहज रूपमा हेर्न सक्ने मनोरञ्जन । 'उनका अनुसार फिल्मलाई दर्शकसम्म पुऱ्याउन स्टारको लोकप्रियता मात्रै पर्याप्त हुँदैन ।'स्टारको लोकप्रियताले निश्चित संख्यामा दर्शकलाई हलसम्म ल्याउन सक्छ । तर फिल्ममा राम्रो विषयवस्तु छैन भने दर्शकलाई के देखाउने? कथा र विषयवस्तु बलियो छ भने स्टारको लोकप्रियताले त्यसको प्रभाव अझ बढाउन सक्छ ।'फिल्मको सफल फ्रेन्चाइज बनाउन कथावस्तु, संवाद, पटकथा र पात्र सबै उत्तिकै महत्त्वपूर्ण हुने उनको भनाइ छ । 'बेलकम', 'हेरा फेरी' र 'आवारा पागल दीवाना' जस्ता फिल्म यसका उदाहरण हुन् ।

दर्शकलाई फेरि सिनेमाघरसम्म ल्याउन के आवश्यक छ ?

एनएक्सटी सिनेमाका सञ्चालन प्रमुख नितिन गुप्ताका अनुसार दर्शकलाई हिन्दी फिल्म हेर्न हलसम्म आकर्षित गर्न त्यसको विषयवस्तु, निर्देशक, कलाकार र ट्रेलरले महत्वपूर्ण भूमिका खेल्छन् ।उनका अनुसार हरेक सहर र सामाजिक वर्गका दर्शकको रुचि फरक हुन सक्छ । तर सबैका लागि फिल्मको विषयवस्तु नै सबैभन्दा महत्त्वपूर्ण हुन्छ । उनले गुजराती फिल्म 'लालो' र हिन्दी फिल्म 'हनुमान अंश' को सफलताको उदाहरण दिँदै यी फिल्मले विभिन्न वर्गका दर्शकलाई आकर्षित गर्न सफल भएको बताए । नितिनका अनुसार राम्रो विषयवस्तु नै दर्शकलाई फेरि हलसम्म ल्याउने मुख्य आधार हो । ठूला कलाकारको उपस्थितिले फिल्मलाई सुरुवाती व्यापारमा सहयोग गर्न सक्छ । तर कथा र विषयवस्तु बलियो छैन भने फिल्म लामो समयसम्म बक्स अफिसमा टिक्न सक्दैन । त्यस्तै, मल्टिप्लेक्स चेनमा कार्यरत गौरव मिश्राका अनुसार अहिले जुनसुकै उमेर र सामाजिक वर्गका दर्शक पनि आफूलाई मनोरञ्जन दिने, अन्तिमसम्म बाँधिर राख्ने र मनमा छाप छाड्ने कथा हेर्न चाहन्छन् । उनका अनुसार कामकाजी वर्ग आफ्नो खर्चअनुसारको मनोरञ्जन खोज्छ। मध्यमवर्गीय दर्शक परिवारसँग बसेर पूर्ण मनोरञ्जन लिन चाहन्छन् । शिक्षित दर्शक बलियो कथा र मौलिकतालाई प्राथमिकता दिन्छन् भने जेन जी नयाँपन, आफ्नो जीवनसँग जोडिने विषय र भव्य सिनेमाई अनुभव खोज्छन् ।गौरव भन्छन्, 'अन्ततः हरेक दर्शक आफ्नो समय खर्च गर्न लायक फिल्म हेर्न चाहन्छ ।' उनका अनुसार दर्शकलाई फेरि सिनेमाघरसम्म ल्याउन निरन्तर गुणस्तरीय फिल्म निर्माण गर्नु पर्छ ।फरकफरक विधाका फिल्म बनाउनुपर्छ । टिकटको मूल्य किफायती हुनुपर्छ र हलमा दर्शकले राम्रो अनुभव पाउनुपर्छ ।भारतमा सिनेमाघरको भविष्य उज्ज्वल रहेको उनको विश्वास छ ।उनी भन्छन्, 'ठूलो पर्दामा हेर्दा विशेष अनुभव हुने कथा बनिरहेसम्म र दर्शक सामूहिक रूपमा त्यस्ता फिल्मको उत्सव मनाउन तयार भएसम्म सिनेमाको जादु कायम रहनेछ ।'

-बिबिसीबाट

सिक्वेलको व्यापारमा धक्का



पछिल्लो समय रिलिज नेपाली फिल्मका सिक्वेलले बक्स अफिसमा अपेक्षाअनुसार व्यापार गर्न नसकेको देखिएको छ । यस वर्ष रिलिज भएका चर्चित सिक्वेलहरूको अधिल्लो भागसँग तुलना गर्दा कमाइमा ठूलो गिरावट देखिएको हो। कुनै फिल्मको व्यापार त पहिलो भागको तुलनामा ८८ प्रतिशतसम्म कम छ। यसपालि दसैंको अवसर पारेर असोज ३० गते '१२ गाउँ २' र 'आबाट आमा २' रिलिज भएका थिए। त्यसको भोलिपल्टदेखि 'छ माया छपक्कै २' प्रदर्शनमा आएको थियो। यी तीनवटै फिल्मको व्यापार पहिलो भागको तुलनामा निकै कमजोर देखिएको हो । विराज भट्ट र समीर भट्टको फिल्म '१२ गाउँ'ले घरेलु बक्स अफिसमा १९ करोड ९२ लाख रूपैयाँ ग्रस कमाएको थियो। तर यसको सिक्वेल '१२ गाउँ २' ले कात्तिक २९ गतेसम्म २ करोड ३२ लाख ९६ हजार रूपैयाँ मात्रै कमाएको छ। पहिलो भागको तुलनामा यसको व्यापार करिब ८८.३ प्रतिशत कम हो। अर्थात्, पहिलो फिल्मभन्दा सिक्वेलको ग्रस कमाइ १७ करोड ५९ लाख रूपैयाँभन्दा बढी कम छ।त्यस्तै, पल शाह, विपना थापा, प्रदीप रावत लगायतको अभिनय रहेको 'आ बाट आमा' ले १३ करोड २० लाख रूपैयाँ कमाएको थियो। यसको सिक्वेल 'आ बाट आमा २' ले भने कात्तिक २९ गतेसम्म ६ करोड ९१ लाख ६१ हजार ३१२ रूपैयाँ ग्रस कमाएको छ। चन्द्र पन्त निर्देशित फिल्मको कमाइ पहिलो भागको तुलनामा करिब ४७.६ प्रतिशत कम हो। रकमका हिसाबले हेर्दा पहिलो फिल्मभन्दा सिक्वेलको व्यापार ६ करोड २८ लाख रूपैयाँभन्दा बढीले कम छ। यद्यपि, यसको कमाइलाई अधिल्लो फिल्मसँग तुलना नगरी हेर्ने हो भने भने उत्साहजनक नै मान्न सकिन्छ।दीपकराज गिरी र दीपाश्री निरौला समूहको फिल्म दीपेन्द्र लामा निर्देशित 'छ माया छपक्कै' ले २०७६ सालमा प्रदर्शन हुँदा ९ करोड ९२ लाख रूपैयाँ ग्रस कमाएको थियो। 'छ माया छपक्कै २' ले भने ३ करोड ४३ लाख १७ हजार रूपैयाँ मात्रै कमाएको छ। पहिलो भागको तुलनामा सिक्वेलको व्यापार करिब ६५.४ प्रतिशत कम हो। अर्थात्, कमाइमा ६ करोड ४८ लाख ८३ हजार रूपैयाँको अन्तर देखिएको छ। यसअघि असोज २ गते रिलिज 'भिरगेदाउ २' को पनि बक्स अफिस व्यापार निराशाजनक देखिएको थियो। ज्ञानेन्द्र देउजा निर्देशित फिल्मले घरेलु बक्स अफिसमा १ करोड ४६ लाख ३० हजार रूपैयाँ ग्रस कमाएको छ। पहिलो भागको तुलनामा यसको सिक्वेलको कमाइ पनि धेरै कम हो। यस्तै, कात्तिक ६ गतेदेखि प्रदर्शनमा आएको रामबाबु गुरूङ निर्देशित 'कबयी ५' को अवस्था भने केही फरक छ। 'कबयी ४' ले घरेलु बक्स अफिसमा २१ करोड ४० लाख रूपैयाँ ग्रस कमाएको थियो। 'कबयी ५' ले कात्तिक २९ गतेसम्म १२ करोड ९४ लाख १५ हजार रूपैयाँ कमाएको छ। पहिलो भागको तुलनामा अहिलेसम्म यसको व्यापार करिब ३९.५ प्रतिशत कम छ।'कबयी ५' को सुरूआती व्यापार भने निकै उत्साहजनक थियो। यसले पहिलो १० दिनमै १० करोड रूपैयाँको आँकडा पार गरेको थियो। तर, पछिल्लो समय यसको कमाइको रफ्तार सुस्ताएको छ। फिल्म अझै प्रदर्शनरत रहेकाले व्यापार बढ्ने सम्भावना छ। तर, पछिल्लो रफ्तार हेर्दा पहिलो भागको २१ करोड ४० लाखको कमाइलाई भेट्टाउन कठिन देखिन्छ। यद्यपि, 'कबयी ५' को कमाइ भने आफैमा निकै ठूलो हो। यसले यस वर्ष सर्वाधिक कमाइ गर्ने नेपाली फिल्मको सूचीमा दोस्रो स्थान बनाइसकेको छ।दसैंमा प्रदर्शनमा आएका '१२ गाउँ २', 'आ बाट आमा २' र 'छ माया छपक्कै २' अहिले धेरैजसो हलबाट उत्रिसकेका छन्। त्यसैले यी तीन फिल्मको कमाइमा अब ठूलो वृद्धि हुने सम्भावना न्यून छ।यता, 'कबयी ५' को अन्तिम व्यापार भने आउन बाँकी नै छ। तर अहिलेसम्मको अवस्थाले अघिल्लो भागको तुलनामा सिक्वेलहरूको व्यापारमा ठूलो गिरावट आएको स्पष्ट देखाउँछ।

- सेतोपाटी डटकम

एआईभन्दा मान्छे ...

...त्यसैले एआईको नियमन केवल राष्ट्रिय सीमाभित्रको विषय रहन सक्दैन।यस्तो अवस्थामा समाजलाई पुरानो भन्सार प्रणालीजस्तै प्रविधि प्रवेश गरेपछि मात्र नियन्त्रण गर्ने सोचले पुग्दैन। प्रविधि विकास हुँदै गर्दा त्यसको सामाजिक प्रभाव बुझ्ने, जोखिम पहिचान गर्ने र सार्वजनिक हित सुनिश्चित गर्ने संस्थागत संरचना चाहिन्छ। यसैलाई प्रविधिको 'गभर्नेन्स' भन्न सकिन्छ।गभर्नेन्स भनेको सरकारको आदेश वा नियन्त्रण मात्र होइन। यसमा नीतिनिर्माता, अनुसन्धानकर्ता, व्यवसायी, नागरिक समाज र सर्वसाधारणको सहभागिता आवश्यक हुन्छ। शिक्षा, रोजगारी, सीप विकास, अनुसन्धान, तथ्याङ्क सुरक्षा र वातावरणीय संरक्षणलाई एउटै नीतिगत दृष्टिमा राख्नुपर्छ। घोडा विस्थापित हुँदा ढोरपाटनका किसानले नयाँ आम्दानीको बाटो खोज्नुपऱ्यो। गोरुको सट्टा मेसिन प्रयोग गर्दा किसानलाई नयाँ कृषि उपकरणको पहुँच चाहियो। त्यसैगरी एआईले मानिसको काम परिवर्तन गर्दा सीप विकास र रोजगारीको नयाँ संरचना आवश्यक हुन्छ। प्रविधिको लाभ केही सीमित कम्पनी वा समूहमा मात्र केन्द्रित हुने अवस्था रोक्न सार्वजनिक नीतिको भूमिका महत्त्वपूर्ण हुन्छ। चराको चिरबिरलाई पनि यही गभर्नेन्सको बहसमा समेट्नुपर्छ। आर्थिक विकास र प्रविधि विस्तारका नाममा प्रकृतिको आवाज दबिनु हुँदैन। मानिसको सुविधा बढाउने प्रविधिले मानिसबाहेकका जीवको अस्तित्वलाई पनि सम्मान गर्नुपर्छ।यही सन्दर्भमा भेराइटी हार्डिङको पुस्तक 'एआई निइड युङ्ग सम्फनयोग्य छ। हार्डिङको मूल तर्क एआईको भविष्य प्रविधि निर्माताहरूको हातमा मात्र छाड्नु हुँदैन भन्ने हो। एआई आफैंमा निश्चित भाग्य होइन। समाजले यसको प्रयोग कसरी गर्ने, कसको हितमा गर्ने र कस्तो सीमा निर्धारण गर्ने भन्ने कुरा मानिसले नै तय गर्नुपर्छ। उनले अन्तरिक्ष दौड, आईभीएफ र इन्टरनेटजस्ता प्रविधिगत परिवर्तनका इतिहासबाट पाठ सिक्न सुझाएकी छन्। यी प्रविधिहरू पनि सुरुमा नयाँ चुनौती र अनिश्चिततासहित आएका थिए। तर सार्वजनिक बहस, अनुसन्धान, नियमन र नीतिगत हस्तक्षेपले तिनको विकासलाई मानवीय आवश्यकतासँग जोड्ने प्रयास गऱ्यो। हार्डिङ एआईलाई आणविक बमसँग तुलना गरेर अनियार्य विनाशको कथा सुनाउने प्रवृत्तिप्रति पनि आलोचनात्मक छिन्। आणविक बमको उद्देश्य नै विनाशकारी थियो। तर एआईको भविष्य पहिले नै निश्चित छैन। यसको उपयोगले समाजलाई सहयोग पनि गर्न सक्छ र असमानता एवं नियन्त्रणको नयाँ समस्या पनि सिर्जना गर्न सक्छ। एआईको विकाससँगै सार्वजनिक हितमा आधारित अनुसन्धान, सबैका लागि प्रविधि शिक्षा, रोजगारीमा रूपान्तरणको तयारी, कमजोर समुदायको सुरक्षा र मानवीय निर्णय क्षमताको संरक्षण आवश्यक हुन्छ। यसमा सरकारको मात्र होइन, तपाईं-हाम्रो पनि भूमिका हुन्छ।प्रविधि र समयसँगै समाज परिवर्तन हुन्छ। परिवर्तनको अर्थ सबै पुराना कुरा नासिनु होइन। कतिपय वस्तुको उपयोगिता हराउँछ, कतिपयको भूमिका बदलिन्छ र कतिपयको महत्त्व नयाँ सन्दर्भमा झन् बढ्छ।मानिसले प्रविधि निर्माण गरेको हो, तर प्रविधिको विकासले मानिसलाई नै नयाँ प्रश्न सोध्न थालेको छ। मेसिनले मानिसको काम गर्न सक्ला। मानिसको निर्णय क्षमताको नक्कल गर्न नि सक्ला। भावना संवाद गर्न पनि सिक्ला। तर त्यसको प्रयोगबाट समाजमा न्याय, प्रकृतिको संरक्षण र अरूको अस्तित्वप्रति जिम्मेवार हुने नैतिकता मानिसले नै तय गर्नुपर्छ।अब एआईको युगमा मानिसले आफूलाई अरू प्राणीभन्दा श्रेष्ठ प्रमाणित गर्ने होडभन्दा माथि उठ्नुपर्छ। प्रश्न मेसिनले मानिसलाई जित्छ कि जितैन भन्ने होइन, मेसिनलाई प्रयोग गर्ने मानिसले आफ्नो विवेक, जिम्मेवारी र मानवीय संवेदना जोगाउन सक्छ कि सक्दैन भन्ने हो।ताना शर्माले बेङ्गलोरको घोडा बजार देखे। मैले त्यही सहरमा पुगेर उनको समय र आजको समयबीचको दूरी अनुभव गरें। ढोरपाटनको घोडाले त्यो दूरीको अर्को कथा सुनाउँछ। स्याकृयारलेनको चराको चिरबिरले भने भविष्यको चेतावनी दिन्छ। बजार हराउन सक्छ, गोठ रित्तिन सक्छ, पुराना पेसा समाप्त हुन सक्छन्। तर प्रविधिको विकाससँगै मानवता र प्रकृतिको अस्तित्व नै रित्तिन दिनु हुँदैन।

- अनलाईन खबर डटकम

गोठमा आगलागी हुँदा एक महिला घाइते



अर्घाखाँची, मंसिर १/ अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-१२ सल्लीकोटमा गोठमा आगलागी हुँदा एक महिला घाइते भएकी छन् । मंगलबार विहान ८ बजे ६३ वर्षीया टोमकला बस्यालको टिनको छानो भएको कच्ची गोठमा आगालागी हुँदा उनी घाइते भएकी हुन् ।

गोठमा रहेका भैंसीलाई फुकाउने क्रममा बस्यालको अनुहार र दाहिने हात जलेको हो । घाइते बस्याललाई तत्काल उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल सन्धिखर्क पठाइएको थियो । सन्धिखर्कमा सामान्य उपचार पछि थप उपचारका लागि भैरहवा मेडिकल कलेजमा रिफर गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएपको छ । आगलागीको खबर प्राप्त हुनासाथ प्रहरी चौकी अर्घा तथा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । गोठमा लागेको आगो नियन्त्रणमा लिन दमकल, प्रहरी र स्थानीयवासी परिचालित भएका थिए । आगलागीको कारण खुल्न सकेको छैन भने गोठ तथा त्यहाँ रहेका सामग्रीमा भएको क्षतिको विवरणसमेत आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।आगलागीबाट भएको क्षतिको थप विवरण संकलन भइरहेको प्रहरीको भनाइ छ ।

अर्घाखाँचीमा पहिलोपटक देखियो ...

...त्यसैले नयाँ क्षेत्रमा यसको उपस्थिति अभिलेख हुनु पक्षी अध्ययन तथा जैविक विविधताको पहिचानका दृष्टिले महत्वपूर्ण मानिने सूचना अधिकारी खड्काले बताए।प्राकृतिक सुन्दरता र जैविक विविधताका दृष्टिले महत्वपूर्ण ठाडादह क्षेत्रमा यसको उपस्थिति देखिनुले यहाँको पर्यावरणीय महत्वसमेत उजागर गरेको छ । यस क्षेत्रका वन तथा प्राकृतिक बासस्थानमा अन्य प्रजातिका चरासमेत हुन सक्ने सम्भावना रहेको छ ।सूचना अधिकारी खड्काले काँडे भ्याकुरजस्ता दुर्लभ चराको संरक्षणका लागि प्राकृतिक बासस्थान जोगाउनुपर्ने बताए । वन विनाश, झाडी तथा प्राकृतिक वनस्पतिको क्षयीकरण र मानवीय गतिविधिले यस्ता चराको बासस्थानमा असर पार्न सक्ने भएकाले संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ ।ठाडादहमा काँडे भ्याकुरको उपस्थिति अभिलेख हुनुले अर्घाखाँचीको जैविक विविधताको पहिचानसँगै पक्षी अवलोकन, अनुसन्धान तथा पर्यापर्यटनको सम्भावनासमेत उजागर गरेको छ ।-*रासस*

देउसीभैलोको मौलिकता...

...यसैबीच, गाउँपालिकाले स्थानीय पुष्प व्यवसायमा संलग्न दुई व्यवसायीलाई समेत सम्मान गरेको छ । बगनासकाली-८ धारापानीका झविन्द्र बस्याल र बगनासकाली-२ पोखराथोकका श्रवणकुमार श्रेष्ठलाई जनही सात हजार रुपैयाँ नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरिएको हो । स्थानीय स्तरमा पुष्प व्यवसायमार्फत योगदान पुऱ्याएको कदरस्वरूप उनीहरूलाई सम्मान गरिएको गाउँपालिकाले जनाएको छ । स्थानीय कला, संस्कृति र परम्पराको संरक्षणमा गाउँपालिकाले विभिन्न गतिविधिमार्फत सहयोग गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत विष्णु घतीले बताए । उनले यस्ता कार्यक्रमले स्थानीय कलाकारलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुका साथै समुदायबीच आपसी सद्भाव र एकता कायम गर्न सहयोग पुग्ने धारणा राखे ।

गाउँपालिका अध्यक्ष सरस्वती चिदीको अध्यक्षता, प्रवक्ता टीकाबहादुर थापाको स्वागत, शिक्षा शाखा प्रमुख निशा पाण्डे र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका प्रदेश सदस्य कमल भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो । प्रतियोगितामा लोकदोहोरी प्रतिष्ठान पाल्पा निर्णायक मण्डलको रुपमा रहेको थियो । जसमा प्रतिष्ठानका अध्यक्ष रुपेश कार्की, उपाध्यक्ष गणेश न्यौपाने र सल्लाहकार जयप्रकाश उप्रेतीले निर्णायक मण्डलको भूमिका निर्वाह गरेका थिए । भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रमले स्थानीय कलाकारलाई प्रतिभा प्रदर्शन गर्ने अवसरसमेत प्रदान गरेको छ । पछिल्लो समय तिहारमा देउसीभैलो खेल्ने परम्परा मनोरञ्जन र औपचारिकतामा मात्र सीमित हुँदै गएको तथा मौलिक भाका, लय र प्रस्तुतिहरू ओझेलमा पर्न थालेको अवस्थामा स्थानीय तहबाट गरिएको यस्तो प्रयासलाई सांस्कृतिक संरक्षणको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ । विशेषगरी नयाँ पुस्तालाई आफ्नो मौलिक परम्परा, लोकभाका र सांस्कृतिक पहिचानसँग जोड्न प्रतियोगिताले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

खेलकुद समाचार

लुम्बिनी लायन्स एनपीएलको फाइनलमा



काठमाडौं, मंसिर १/ सुदूरपश्चिम रोयल्सलाई ६ विकेटले हराउँदै साविक विजेता लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपीएल)को फाइनलमा स्थान बनाएको छ । त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिमले दिएको १०६ रनको लक्ष्य लुम्बिनीले १६ ओभर ४ बलमा ४ विकेट गुमाएर पूरा गऱ्यो।त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ८ विकेट गुमाएर १०५ रन बनाएको थियो ।

जीतसँगै लुम्बिनी लगातार दोस्रो पटक एनपीएलको फाइनलमा पुगेको छ। पराजित सुदूरपश्चिमले भने फाइनल प्रवेशका लागि दोस्रो क्वालिफायर खेल्ने अवसर छ । दोस्रो क्वालिफायरमा सुदूरपश्चिमले एलिमिनेटरको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। एलिमिनेटरमा आज काठमाण्डौ गोर्खाज र चितवन राइनोजबीच बेलुका ५ बजे प्रतिस्पर्धा हुनेछ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.स. १५४८/०२/ ०४
शनिबार

स्व. आज्ञामाया शाक्य

स्वर्गारोहण
२०८३/०७/२५
बुधबार

यस श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि. का महिला उपसमितिका सदस्य पुतली देवी **शाक्य श्रेष्ठ**का प्राप्त:स्मरणीय ममतामयी माता आज्ञामाया शाक्यको मिति २०८३ कार्तिक २५ गतेका दिन ८५ वर्षकाे उमेरमा भएको दुखद् निधनले सहकारी परिवार अत्यन्तै स्तब्ध भएको छ । यस दु:खद् घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै समवेदना व्यक्त गर्दछौं । साथै आठौं दिनको पुण्य तिथिमा दिवंगत माताको चीर शान्ति, सुगति सहित शीघ्र निर्वाण लाभ प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

बिनयराज बज्राचार्य
सचिव

एवं

सरोज लाल शाक्य
अध्यक्ष

श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन-६, पाल्पा, परिवार

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स.-३,हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं.5448743 H का TS-NK रन बहादुर थापा (ना.प्र.मा रन बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा ज्योति माया थापा र जन्म मिति सन् १५६५ जुलाई १ (वि.स.२०२२/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा ज्योति सरा थापा, जन्म मिति वि.स. २०१७/०४/१७ (सन् १५६० अगष्ट १) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक खालीवन गा.वि.स.-५ जप्काढी, हाल रामपुर नगरपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5440213 Y का SEP नेत्र बहादुर राना (ना.प्र.मा लाल चन श्रेष्ठ भन्ने नेत्र बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा फुल माया र जन्म मिति सन् १५५२ सेप्टेम्बर २५ (वि.स.२००५/०६/१०) र नेपाली नागरिकता प्रमाणपत्रमा फुल माया देवी श्रेष्ठ भन्ने फुल माया राना, जन्म मिति वि.स. २००५/०४/२५ (सन् १५४८ अगष्ट ५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८, पा.जि.प्र.का.द.नं. ५८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई